प्रदश सरकार
लुम्बिनी प्रदेश

: ०७१-[illegible]
☎ : ०७१-५४००१४
☎ : ०७१-५५०६१०

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मुकामः बुटवल, नेपाल

**(बैठक तथा आन्तरिक प्रशासन शाखा)**

पत्र संख्याः-०७८/७९
च.नः- ६९६८

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुकाम बुटवल, नेपाल

मितिः२०७८/०६/१८

**विषयः खरिद सम्झौताको म्याद थप सम्बन्धमा।**

श्री सबै मन्त्रालय/सचिवालय/आयोग/प्रतिष्ठान/प्राधिकरण/कार्यालय
लुम्बिनी प्रदेश।

नेपाल सरकार अर्थ मन्त्रालय, सिंहदरवार काठमाण्डौंको च.नं. ६६, मिति २०७८/०५/२१ को खरिद सम्झौताको म्याद थप गर्ने सम्बन्धी प्राप्त पत्रानुसार कोभिड-१९ महामारीका कारण बन्दाबन्दी तथा निषेधको आदेश जारी भई साविकमा सञ्चालित खरिद सम्बन्धी ठेक्का सम्झौता बमोजिमका कार्य निर्धारित म्याद भित्र सम्पन्न हुन नसकेकोले खरिद सम्झौताको म्याद थप गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८/०५/०३ गतेको वैठकबाट भएका निर्णय सम्बन्धी पत्र यसै साथ संलग्न राखी जानकारीका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०७८।६।१८

(अष्टराज गौतम)
अधिकृत सातौं

नेपाल सरकार
# अर्थ मन्त्रालय
(बजेट तथा कार्यक्रम महाशाखा)

पत्र संख्याः-२०७८/७९
च. नं.:- ६६

सिंहदरबार, काठमाडौं
नेपाल।
मितिः २०७८/५/२१

**विषयः खरिद सम्झौताको म्याद थप गर्ने सम्वन्धमा ।**

श्री सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय

मुख्यमन्त्री ...
दर्ता नं. १०७२
मिति २०७८/०५/१८

कोभिड-१९ संक्रमणका कारण बन्दाबन्दी तथा निषेधको आदेश जारी भई साविकमा सञ्चालित खरिद सम्वन्धी ठेक्का सम्झौता बमोजिमका कार्य निर्धारित म्याद भित्र सम्पन्न हुन नसकेकोले खरिद सम्झौताको म्याद थप गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/५/३ को बैठकबाट देहाय बमोजिम निर्णय भएको हुंदा सोही अनुसार कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ।

क. कोभिड-१९ को पहिलो तथा दोस्रो लहर नियन्त्रणको लागि जारी भएको बन्दाबन्दी तथा निषेधको आदेश जारी हुनु पूर्व वा आदेशको अवधिभित्र सम्झौता भएका तर त्यस्तो बन्दाबन्दी वा निषेधको आदेशको कारण काम सम्पन्न हुन नसकेका चालु अवस्थामा रहेका खरिद सम्झौताको म्याद सम्वन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदाताको निवेदनका आधारमा बोलपत्र स्वीकृत गर्ने पदाधिकारीले म्याद थपको आवश्यकता र औचित्य विश्लेषण गरी नेपाल सरकारलाई थप लागत वा दायित्व नपर्ने र म्याद थप वापत आर्थिक वा अन्य कुनै दायित्व नपर्ने गरी त्यस्तो खरिद सम्झौताको म्याद बढीमा २०७८ साल चैत्र मसान्तसम्म थप गर्ने।

ख. बुँदा (क) बमोजिम म्याद थप गर्नुपर्ने देखिएको सम्झौताको म्याद थप सम्वन्धी निर्णय एक महिनाभित्र गरी सो को जानकारी सम्वन्धित मन्त्रालय, सचिवालय, आयोगको सचिव वा विशिष्ट श्रेणीको पदाधिकारीलाई दिने। सम्वन्धित सचिव वा विशिष्ट श्रेणीको पदाधिकारीले उपर्युक्त बमोजिम समयमा निर्णय गरे नगरेको, सम्झौता म्याद थप भएपछि समयमा काम सम्पन्न भए नभएको, सम्झौता बमोजिमको काम सम्पन्न भएपछि समयभित्र फरफारक गरे नगरेको र काम सम्पन्न नभएका सम्झौताको सम्वन्धमा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको कारवाही समयमै गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्ने र सो को प्रतिवेदन मासिक रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने।

२०७८/०५/२१
(मातृका नेपाल)
शाखा अधिकृत